Regd No. 192173/074/075 PAN No. : 304300800875

# SINGATI HYDRO ENERGY LTD.

Hadigaun, Kathmandu, Nepal

प. नं. ११
२०८२।०९।२२

मिति : २०८२/०९/२२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
युएनआई शान्ति मार्ग, भद्रकाली काठमाण्डौ ।

विषय :- सोह्रौं बार्षिक साधारण सभाको माइन्यूटको प्रतिलिपी पेश गरेको तथा बोनस शेयरमा लाग्ने कर कम्पनीले नै भुक्तानी गरिदिने भन्ने निर्णयको जानकारी गराएको सम्बन्धमा ।

महोदय,

यस सिंगटी हाइड्रो इनर्जी लिमिटेडको मिति २०८२/०९/२१ गते सोमबारका दिन धुम्रबराह भेन्यु धुम्बाराही काठमाण्डौमा सम्पन्न सोह्रौं वार्षिक साधारण सभाको माइन्यूटको प्रतिलिपी त्यस कार्यालयको जानकारी लागि यसैसाथ संलग्न राखी पेश गरिएको छ । साथै कम्पनीले शेयरधनीहरुलाई वितरण गर्न लागेको ५ प्रतिशत बोनस शेयरमा लाग्ने कर शेयरधनीहरुले नै तिर्ने व्यहोर्ने गरी सञ्चालक समितिबाट निर्णय भएकोमा उक्त निर्णय भएपछि नेपाल धितोपत्र बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दशौं संशोधनद्धारा दफा ४० मा उपदफा (७) थप गरी शेयरधनीलाई प्रदान गर्ने बोनस शेयर वितरण गर्दा लाग्ने लाभांश कर सम्बन्धित संगठित संस्थाले नै लाभांशबाट मिलान गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेछ भन्ने व्यवस्था गरेकोले सोही संशोधित व्यवस्था बमोजिम यस कम्पनीबाट शेयरधनीहरुलाई वितरण गर्ने वोनस शेयरमा लाग्ने कर समेत कम्पनीकै लाभांशबाट मिलान गरी भुक्तानी गर्ने भनी सोह्रौं वार्षिक साधारण सभाबाट निर्णय भएको व्यहोरा जानकारी गराउँदछु ।

भवदीय

विष्णुप्रसाद रेग्मी
(कम्पनी सचिव)

# सिंगटी हाइड्रो इनर्जी लि.को
## सोह्रौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. प्रारम्भिक

यस सिंगटी हाइड्रो इनर्जी लि.को सोह्रौं (पब्लिक लिमिटेड भए पश्चात् आठौं) वार्षिक साधारण सभा आज मिति २०८२ साल पौष २१ गते सोमबारका दिन यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री सुदिप राज गौतमज्यूको अध्यक्षतामा धुम्रबराह भेन्यु धुम्बाराही काठमाण्डौमा बिहानको ११ बजे देखि शुरु भई दिउसो १:०० बजेसम्म निम्नलिखित प्रस्तावहरु माथि छालफल र निर्णय गरी सु-सम्पन्न भयो ।

२. सभाको वैधानिकता

आजको बार्षिक साधारणसभा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०८/२६ को निर्णयले कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा यस कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) र (४) बमोजिम बोलाइएको र सो को सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा मिति २०८२/०८/२७ मा र २०८२/०९/०३ मा प्रकाशित गरिएको र आजको वार्षिक साधारण सभामा पेश हुने आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र आ.व. २०८१/८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदनहरु यस कम्पनीको वेभ साइटमा समेत राखिएको थियो । आजको बार्षिक साधारण सभाका लागि सबै प्रक्रिया समेत पुगेको र साधारण सभाको काम कारवाही अगाडि बढाउन आवश्यक गणपूरक संख्या समेत पुगी वैधानिक देखिएको हुंदा साधारण सभाको काम कारवाही अगाडि बढाइएको छ ।

३. उपस्थिति

(क) सञ्चालकहरु

| | |
|---|---|
| श्री सुदिप राज गौतम | सञ्चालक अध्यक्ष |
| श्री सुदिप खड्का | प्रबन्ध सञ्चालक |
| श्री सूजिना डंगोल | सञ्चालक |
| श्री सुनिल के.सी. | प्रतिनिधी सञ्चालक (बि.जि.ग्रुप प्रा.लि.) |

SINGATI HYDRO ENERGY Ltd.

| | |
|---|---|
| श्री दल बहादुर बिष्ट | सञ्चालक |
| श्री श्याम प्रसाद खतिवडा | सञ्चालक |
| श्री प्रविण भट्टराई | स्वतन्त्र सञ्चालक |

(ख) अन्य पदाधिकारीहरु

| | |
|---|---|
| श्री विष्णुप्रसाद रेग्मी | कम्पनी सचिव |
| श्री विलभराज गौतम | प्रोजेक्ट कोअर्डिनेटर |
| श्री श्याम प्रसाद शर्मा | इन्जिनियर |
| श्री भुपाल प्रसाद ताजपुरिया | लेखा अधिकृत |

(ग) विशेष अतिथि तथा आमन्त्रित

| | |
|---|---|
| श्री गणेश कार्की | अध्यक्ष (इप्पान) |
| श्री बटु लामिछाने | आमन्त्रित |

(घ) शेयरधनीहरु

शेयरधनीहरुको उपस्थिति पूस्तिकामा शेयरधनीहरुको उपस्थिति निम्नबमोजिम रहेको छ :

(क) जम्मा शेयरधनी उपस्थित प्रतिशत :- ४६.१३ %

छलफलका लागि पेश भएका प्रस्तावहरु

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन/आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. कम्पनीका लेखापरीक्षकद्धारा पेश भएको आ.व. ०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

SINGATI HYDRO ENERGY Ltd.

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. अन्य आयोजनाको सम्बन्धमा अध्ययन गरी लगानी गर्ने तथा लगानी गर्ने आयोजनहरुमा कर्पोरेट बैंक ग्यारेण्टी दिने सम्बन्धमा ।

५. विविध ।

(ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

२. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।

३. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

४. विविध ।

४. गणपूरक संख्या तथा सभा सञ्चालन

कम्पनीको नियमावलीको नियम १८ को (३) अनुसार बोलाइएको यो वार्षिक साधारण सभा सञ्चालन गर्नका लागि नियमावलीको नियम २३ अनुसार गणपुरक संख्या समेत पुगेको यकिन गरियो ।

यसपछि सञ्चालक समितिका अध्यक्ष श्री सुदिप राज गौतमज्यूले सम्पूर्ण सञ्चालक तथा शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै कम्पनीको सोह्रौं साधारणसभाको अध्यक्षता ग्रहण गरी वार्षिक साधारण सभाको लागि आवश्यक प्रक्रिया पुरा भएकोले छलफलका लागि पेश भएका प्रस्ताव अनुसार सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो ।

५. वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदन तथा प्रस्तावहरु प्रस्तुत

आजको सिंगटी हाइड्रो इनर्जी लि.को सोह्रौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु हुने सञ्चालक समितिका अध्यक्ष श्री सुदिप राज गौतमज्यूले सभामा उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा पेश गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूले आजको वार्षिक साधारण सभा समक्ष पूर्व निर्धारित गरिएका प्रस्तावहरु माथि दफावार छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा यस कम्पनीको कारोवार

SINGATI HYDRO ENERGY Ltd.

सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नु भयो ।

६. छलफलमा सहभागी सेयरधनी महानुभावहरु

छलफलका क्रममा शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, तथा वार्षिक प्रतिवेदनबाट उठेका बिभिन्न विषयहरुको सम्बन्धमा तथा यस बार्षिक साधारणसभामा पेश भएका प्रस्तावहरु तथा कम्पनीले सञ्चालन गरिरहेको आयोजनाको विकास तथा कार्यको सम्बन्धमा निम्न शेयरधनीहरुले आफ्नो जिज्ञासा तथा सुझावहरु पेश गर्नुभयो :-

यस कम्पनीका शेयरधनीहरु डभरु बल्लभ घिमिरे, रामजी प्रसाद पण्डित, चन्द्र नारायण श्रेष्ठ, उत्तम पाठक, जगन्नाथ आचार्य, भेषराज भण्डारी, उत्तमदत्त पाण्डे, गोविन्द बहादुर के.सी., सुदर्शन भण्डारी, लवराज जोशी, अमिरदास रंजित, लक्ष्मण श्रेष्ठ, सुदिप श्रेष्ठ, ब्रम्हदेव शाक्य, माधव प्रसाद सिंखडा, शत्रुधन श्रेष्ठ, निरुपमा गुप्ता, वैजनाथ रौनियार र इन्द्र प्रसाद लामिछानेले शेयरधनीलाई सकेसम्म डबल डिजिटमा लाभांश वितरण होस् भन्ने आशा गर्दछौं, समय सापेक्ष खर्च बढ्नु सामान्य हो तैपनि मितव्ययिता अपनाएर अगाडि बढ्न अनुरोध गर्दछौं, साधारण सभा सकेसम्म पौषभन्दा पनि अगावै गर्न सके राम्रो हुने थियो, आगामी वर्ष प्रगतितर्फ लैजाने के कस्ता रणनीति तथा लगानी पोलिसी छन् त्यसको पनि जानकारी पाउन अनुरोध गर्दछौं, कम्पनीले अन्य हाइड्रो कम्पनीहरुमा लगानी बढाउँदै लगेकोमा, आर्थिक वर्ष सकिएको छ महिनाभित्र वार्षिक साधारण सभा गर्न सकेकोमा तथा पाँच प्रतिशत बोनस शेयर वितरण र हकप्रद शेयर निष्काशन गर्न लागेकोमा धन्यवाद दिन चाहन्छौं, हकप्रद शेयरको रकम बैंक ऋण तिर्नेमा भन्दा पनि उत्पादनमूलक क्षेत्रमा लगानी होस्, कम्पनीले विद्युत उत्पादनलाई, जलस्रोत विकासको योगदानलाई, रोजगारी अभिवृद्धिलाई, नयाँ परियोजनाहरुमा लगानीलाई र शेयरधनीहरुको हकहितलाई सदा ध्यान दिन सकोस् भन्ने कामना गर्दछौं, आजको साधारण सभामा पेश भएका सामान्य तथा विशेष प्रस्तावहरुमा हाम्रो पूर्ण समर्थन छ भन्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं भन्ने लगायतका लिखित तथा मौखिक मन्तव्यहरु पेश गर्नुभयो ।

शेयरधनीहरुबाट उठेका जिज्ञाशा तथा सुझावहरुको सम्बन्धमा अध्यक्षज्यूको जवाफ

शेयरधनीहरुले छलफलका क्रममा उठाएका सवालहरुको अध्यक्षज्यूबाट जवाफ समेत दिनुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आजको साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु पारित तथा अनुमोदन गर्न अनुरोध गर्नुभयो ।

७. छलफल तथा निर्णयहरु

(क) सामान्य प्रस्ताव तथा निर्णयहरु

SINGATI HYDRO ENERGY Ltd.

(१) सामान्य प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आफ्नो मन्तव्य सहितको सञ्चालक समितिको आ.व. २०८१/८२ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्नु भयो र उक्त प्रस्ताव उपर शेयरधनीहरु बीच व्यापक छलफल भई सञ्चालक समितिको आ.व. २०८१/८२ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदनमा उल्लेख भएका सवै विषयहरु यस सभावाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(२) सामान्य प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीका नियुक्ति प्राप्त लेखा परीक्षक एस.डी.एण्ड एशोसिएट्सद्धारा तयार भएको यस कम्पनीको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका आर्थिक तथा वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन छलफलका लागि सभामा पेश भयो र उक्त प्रतिवेदन उपर सभामा व्यापक छलफल भई यस साधारण सभाबाट उक्त आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका आर्थिक तथा वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

(३) सामान्य प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८२/८३ का लागि यस कम्पनीको बाह्य लेखा परीक्षण गर्न तथा वार्षिक तथा त्रैमासिक आर्थिक विवरणहरु तयार गर्न सञ्चालक समितिबाट प्रस्ताव गरिएका एस.डी.एण्ड एसोसिएट्सलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वापत रु.५,००,०००।- (पाँच लाख रुपैयाँ) तोक्न आजको सभा समक्ष प्रस्ताव पेश गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले उक्त प्रस्तावमा सहमति जनाउनुभएको हुँदा उक्त प्रस्ताव पारित गर्ने गरियो ।

(४) सामान्य प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीले भविष्यमा अन्य हाइड्रोपावर कम्पनीहरुमा पनि लगानी गर्ने योजना अन्तर्गत नार खोला हाइड्रो इनर्जी प्रा.लि. को संस्थापक शेयरमा रु.१,००,००,००,०००।- (अक्षरुपी एक अरब) र अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लि. को संस्थापक शेयरमा रु.१,००,००,००,०००।- (अक्षरुपी एक अरब) लगानी गर्ने भनी सञ्चालक समितिबाट निर्णय भएबमोजिम लगानी गर्न तथा अन्य थप आयोजनाहरुको सम्बन्धमा समेत आवश्यक अध्ययन गरी लगानी गर्न उपयुक्त देखिएमा उक्त आयोजनाहरुमा पनि लगानी गर्ने र यस कम्पनीले लगानी गरेका अर्विट इजर्नी लि. र ह्याविट्याट पावर कम्पनी लि. मा तथा लगानी गर्न लागेका नार खोला हाइड्रो इनर्जी प्रा.लि. र अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लि. का आयोजनाहरुमा यस कम्पनीले कर्पोरेट ग्यारेण्टी दिनुपर्ने भएमा सो समेत दिन सञ्चालक समितिलाई अख्तियारी दिने कुरामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सहमती जनाउनुभएको हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

SINGATI HYDRO ENERGY Ltd.

८. (ख) विशेष प्रस्ताव तथा निर्णयहरु

(१) विशेष प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा यस सिंगटी हाइड्रो इनर्जी लिमिटेडको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट लाभांस वापत कम्पनीको हालको चुक्ता पूँजी रु.२,९०,००,००,०००।- को ५ (पाँच) प्रतिशतका दरले हुन आउने रु.१४,५०,००,०००।- (अक्षरुपी चौध करोड पचास लाख रुपैयाँ) बराबरको बोनस शेयर शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव यस सभामा निर्णयार्थ पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । साथै उक्त प्रस्तावित बोनस शेयरमा लाग्ने कर शेयरधनीहरुले नै तिर्ने व्यहोर्ने गरी पारित तथा स्वीकृतिका लागि आजको वार्षिक साधारण सभामा पेश भएकोमा नेपाल धितोपत्र बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दशौं संशोधनद्धारा दफा ४० मा उपदफा (७) थप गरी शेयरधनीलाई प्रदान गर्ने बोनस शेयर वितरण गर्दा लाग्ने लाभांश कर सम्बन्धित संगठित संस्थाले नै लाभांशबाट मिलान गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको हुँदा सोही संशोधित व्यवस्था बमोजिम यस कम्पनीबाट शेयरधनीहरुलाई वितरण गर्ने वोनस शेयरमा लाग्ने कर समेत कम्पनीकै लाभांशबाट मिलान गरी भुक्तानी गर्ने निर्णय समेत सर्वसम्मतीबाट पारित गरियो ।

(२) विशेष प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजीमा समेत वृद्धि गर्नुपर्ने भएकोले यस कम्पनीको प्रबन्धपत्रको दफा ६(क),(ख),(ग) मा निम्नबमोजिम संशोधन गर्ने निर्णय गरियो:-

वोनस शेयर वितरण पश्चात प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) संशोधन सम्बन्धी तीन महले विवरण :-

| प्रबन्धपत्रमा रहेको साविक व्यवस्था | प्रबन्धपत्रको संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| प्रबन्धपत्रको साविक दफा ६ (क), (ख) र (ग)<br>(क)कम्पनीको अधिकृत पूंजी २,९०,००,००,०००।- (दुई अरब नब्बे करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई प्रति शेयर रु. १००।- दरका २,९०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख)कम्पनीले तत्काल जारी गर्ने पूंजी रु. २,९०,००,००,०००।- (दुई अरब नब्बे करोड रुपैयाँ) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका २,९०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | प्रबन्धपत्रको संशोधित दफा ६ (क), (ख) र (ग)<br>(क)कम्पनीको अधिकृत पूंजी रु. ३,०४,५०,००,०००।- (तीन अरब चार करोड पचास लाख रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३,०४,५०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख)कम्पनीले तत्काल जारी गर्ने पूंजी रु. ३,०४,५०,००,०००।- (तीन अरब चार करोड पचास लाख रुपैयाँ) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका ३,०४,५०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | कारण<br>वोनस शेयर जारी पश्चात कम्पनीको पूंजी संरचनामा समेत फरक पर्ने भएकोले सोही बमोजिम पूँजी वृद्धि गर्नु परेकोले । |

SINGATI HYDRO ENERGY Ltd.

| | | |
|---|---|---|
| (ग)कम्पनीको चुक्ता पूँजी रु. २,९०,००,००,०००।- (दुई अरब नब्बे करोड रुपैयाँ) हुनेछ। | (ग) कम्पनीको चुक्ता पूँजी रु.३,०४,५०,००,०००।- (तीन अरब चार करोड पचास लाख रुपैयाँ) हुनेछ | |

(३) विशेष प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीले नार खोला हाइड्रो इनर्जी प्रा.लि. को संस्थापक शेयरमा रु. १,००,००,००,०००।- (अक्षरुपी एक अरब) र अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लि. को संस्थापक शेयरमा रु.१,००,००,००,०००।- (अक्षरुपी एक अरब) गर्न यस कम्पनीलाई थप पूँजी रु.२,००,००,००,०००।- (अक्षरुपी दुई अरब रुपैयाँ) को आवश्यकता भएकोले यस कम्पनीले बोनस शेयर वितरण पश्चात कायम हुने शेयरको १:१ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने भनी सञ्चालक समितिबाट निर्णय भई अनुमोदनको लागि यस साधारण सभामा पेश भएको उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । नेपाल धितोपत्र बोर्ड तथा नियमनकारी निकायहरुमा १:१ को अनुपातमा हकप्रद शेयर निष्काशनका लागि यस कम्पनीको तर्फबाट निवेदन दिने र कथं कम्पनीको माग बमोजिमको हकप्रद शेयर निष्काशनको अनुपात सम्बन्धमा कुनै घटबढ भएमा सोही बमोजिम हकप्रद शेयर निष्काशन गर्ने निर्णय यस सभाद्धारा सर्वसम्मतीले पारित गरियो। हकप्रद निष्काशन पश्चात उक्त कम्पनीहरुको संस्थापक शेयरमा लगानी गरेपछि बाँकी रहेको रकमले यस कम्पनीको ऋण चुक्ता गर्ने र कम्पनीको माग बमोजिम हकप्रद शेयर निष्काशनको अनुमती प्राप्त भएमा यस कम्पनीको अधिकृत, जारी र चुक्ता पूँजीमा समेत वृद्धि गर्नुपर्ने भएकोले यस कम्पनीको प्रबन्धपत्रको दफा ६(क),(ख),(ग) मा निम्नबमोजिम संशोधन गर्ने निर्णय गरियो :-

<u>प्रबन्धपत्रको संशोधित दफा ६ (क), (ख) र (ग)</u>

(क) कम्पनीको अधिकृत पूंजी रु. ६,०९,००,००,०००।- (छ अरब नौ करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई प्रति शेयर रु.१००।- दरका ६,०९,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. ६,०९,००,००,०००।- (छ अरब नौ करोड रुपैयाँ) हुनेछ। सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका ६,०९,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको चुक्ता पूँजी रु. ६,०९,००,००,०००।- (छ अरब नौ करोड रुपैयाँ) हुनेछ।

यस साधारण सभाको विशेष निर्णय बमोजिम भए गरेका संशोधनहरुमा नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय र विद्युत नियमन आयोग लगायतका कुनैपनि नियमनकारी निकायहरुबाट अनुमती वा स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा

SINGATI HYDRO ENERGY Ltd.

नियमनकारी निकायहरुको निर्देशन तथा आवश्यकता वमोजिम आवश्यक संशोधन तथा परिमार्जन लगायतका कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

विविध :-

यस कम्पनीले शेयरधनीहरुलाई वितरण गर्ने बोनस शेयरमा लाग्ने कर कम्पनीले नै व्यहोर्ने, यस कम्पनीको सञ्चालक समितिले चालू तथा गत आ.व.मा गरेका निर्णय तथा काम कारवाहीलाई अनुमोदन गर्दै यस कम्पनीका सञ्चालक समितिका पदाधिकारीहरुले पूर्ववत रुपमा खाईपाई आएको पारिश्रमिक, भत्ता तथा सेवा सुविधाहरुलाई यथावत कायम राख्ने र यस कम्पनीको तर्फबाट सञ्चालक, कम्पनीका पधाधिकारीहरु एवं परामर्शदाताहरुलाई प्रदान गरिएको सेवा सुबिधा, बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता समेत अनुमोदन गर्दै आगामी दिनमा पनि यसैलाई निरन्तरता दिने निर्णय गरियो ।

९. धन्यवाद ज्ञापन सहित सभाको समापन :

यस वार्षिक साधारण सभाका अध्यक्ष श्री सुदिप राज गौतमज्यूबाट कम्पनीको सोह्रौं वार्षिक साधारण सभामा छलफल गर्न प्रस्ताव गरिएका सबै विषयहरुमा छलफल तथा निर्णय भइसकेकोले आजको साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु लगायतका अन्य उपस्थित सम्पूर्ण महानुभावहरुलाई आजको साधारण सभा सफलतापूर्वक सम्पन्न भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आजको सोह्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नु भयो ।

विष्णुप्रसाद रेग्मी

(कम्पनी सचिव)

सुदिप राज गौतम

(सञ्चालक अध्यक्ष)

SINGATI HYDRO ENERGY Ltd.

सभा सम्पन्न मिति :- २०८२ साल पौष २१ गते सोमबार (तदनुसार ५ जनवरी, २०२६) ।